# बागमती प्रदेश सभा

## दोस्रो कार्यकाल

### चौथो अधिवेशन

### बैठक संख्या ३६

### संक्षिप्त विवरण

### २०८१ असोज ६ गते, आइतबार

### दिनको १:०० बजे

१. प्रदेश सभाको चौथो अधिवेशनको बैठक माननीय सभामुख श्री भुवन कुमार पाठकको अध्यक्षतामा आइतबार दिनको १:०० बजे प्रारम्भ भयो।

२. माननीय सभामुखले माननीय सदस्यज्यूहरुलाई बैठकमा शुन्य समय नरहने व्यहोरा जानकारी दिनु भएको थियो।

३. माननीय सभामुखले प्रदेश प्रमुख कार्यालयबाट प्राप्त विज्ञान,प्रविधि,नवप्रवर्तन तथा विकास कोष सञ्चालन सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक प्रमाणीकरण सम्बन्धी पत्रको व्यहोरा पढेर सुनाउनु भयो।

४. माननीय सभामुखले विशेष समयमा बोल्न चाहनु हुने माननीय सदस्यहरूको दलीय आधारमा नाम प्राप्त भए अनुसार वहाँहरूलाई बोल्न समय दिनुभयो।

| | |
|---|---|
| माननीय राजेन्द्र प्रजापति | माननीय भारती कुमारी पाठक |
| माननीय मातृका प्रसाद भट्टराई | माननीय शैलेन्द्रमान बज्राचार्य |
| माननीय डम्बर तामाङ | माननीय सुरेन्द्र राज गोसाई |
| माननीय भरत बहादुर के.सी | माननीय उद्धव थापा |
| माननीय तारा नारायण श्रेष्ठ | माननीय आनन्द कुमार श्रेष्ठ |
| माननीय आशा लामा | माननीय राम कुमार पहाडी |

५. माननीय सभामुखले कार्यव्यवस्था परामर्श समितिको सदस्य रहनु भएका माननीय किरण थापा मगरको स्थानमा माननीय एका लाल श्रेष्ठलाई कार्यव्यवस्था परामर्श समितिको सदस्यमा हेरफेर गर्नुभयो।

बागमती प्रदेश सभा
हेटौंडा, नेपाल

६. माननीय सभामुखले विषयगत समितिको कार्यक्षेत्र भित्र नपरेको देहायको मन्त्रालयलाई देहायको समितिको कार्यक्षेत्र भित्र रहने गरी तोक्नु भयो ।

| समितिको नाम | थप हुने मन्त्रालयको नाम |
|---|---|
| शिक्षा, स्वास्थ्य तथा कृषि समिति | युवा तथा खेलकुद मन्त्रालय |

७. माननीय सभामुखले तोकिएको समितिको कार्यक्षेत्रमा सहमति भएको घोषणा गर्नुभयो ।

८. माननीय सभामुखले माननीय मुख्यमन्त्री श्री बहादुर सिं लामा(तामाङ) लाई "महालेखा परीक्षकको छैठौं वार्षिक प्रतिवेदन, २०८१" सभामा पेश गर्न अनुमति दिनु भयो ।

९. माननीय सभामुखले माननीय केशव प्रसाद पोखरेलले दर्ता गराउनु भएको ध्यानाकर्षण पेस गर्न अनुमति दिनुभयो ।

१०. माननीय सभामुखले माननीय केशव प्रसाद पोखरेलले प्रस्तुत गर्नु भएको ध्यानाकर्षणको सम्बन्धमा प्रदेश सभा मार्फत संघीय सरकारको ध्यानाकर्षण गराउनु भयो ।

११. माननीय सभामुखले "प्रदेश स्वास्थ्य सेवा ऐन, २०७५ लाई संशोधन गर्न बनेको विधेयक" उपर शिक्षा, स्वास्थ्य तथा कृषि समितिले गरेको निर्णयको प्रतिवेदन पेश गर्न समितिका सभापति माननीय ठाकुर प्रसाद ढकाललाई अनुमति दिनुभयो ।

१२. माननीय सभामुखले "प्रदेश कृषि विकास सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक" उपर शिक्षा, स्वास्थ्य तथा कृषि समितिले गरेको निर्णयको प्रतिवेदन पेश गर्न समितिका सभापति माननीय ठाकुर प्रसाद ढकाललाई अनुमति दिनुभयो ।

१३. माननीय सभामुखले "प्रदेश हस्तकलाग्राम स्थापना तथा सञ्चालन सम्बन्धमा व्यवस्था बनेको विधेयक" उपर उद्योग, पर्यटन तथा वातावरण समितिले गरेको निर्णयको प्रतिवेदन पेश गर्न समितिका सभापति माननीय आनन्द कुमार श्रेष्ठलाई अनुमति दिनुभयो ।

१४. माननीय सभामुखले अर्को बैठक मिति २०८१ असोज ७ गते बिहानको ११:०० बजे बस्ने गरी यो बैठक स्थगित गर्नुभयो।

(कृष्ण हरि खड्का)
सचिव